Roll No.
रोल नं.

**Series RKM**

Code No. **17**
कोड नं.

- Please check that this question paper contains 3 printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains 7 questions.
- Please write down the serial number of the question before attempting it.
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ 3 हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में 7 प्रश्न हैं ।
- कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।

# NEPALI
# नेपाली

*Time allowed : 3 hours* — *Maximum Marks : 100*
*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 100*

1. (क) "ठूलो धर्म लुटिस्, आफ्ना बाबुका निम्तिमा गरिस् नर्को बलि, गर्दैनस् पिताका निम्ति अब पुत्रको बलि ?" 3+1=4

(अ) यी कुरा कसले कसलाई अनि कुन प्रसंगमा भनेका हुन् ?

(आ) उद्धृतांशको पाठ अनि रचनाकारको नाम लेख ।

(ख) "भारतेन्दु र मोतीराम थोरै बाँचे तर अमर रहे ।" कसरी ? संक्षेपमा लेख । 3

(ग) "दानव त सीधा-सोझाकै बुद्धुपनको कापबाट उब्जने घाँस मात्र हो" भनेर लेखकले भन्न खोजेको कुरालाई स्पष्ट पार । 3

(घ) "अनन्त कालिमाको महाराहूले आफ्नो चिरकालदेखिको सपनाको जूनलाई सलक्क निले झैं उसलाई लाग्यो अनि आफू चाहिँ अनन्त अन्धकारको खाड़लमा अमल अमल भासिए झैं कुनै समाउने काँसको बूटोसम्मन् छैन ।" 3+2+1=6

(अ) उक्त पंक्तिमा लुकेको मार्मिक पक्षलाई खुलस्त गरेर लेख ।

(आ) 'अनन्त अन्धकारको खाड़ल' भनेर यहाँ के-लाई लक्ष्य गरिएको छ ?

(इ) उद्धृतांशको कथाको शिर्षक तथा कथाकारको नाम लेख ।

(ङ) कालेकी आमाले बजारमा बसाइ सर्ने आफ्नो विचार फेरि किन बदली गरी ? छोटकरीमा लेख । 2

(च) सानी र त्यस यात्रीको पहिलो भेट कहाँ र कसरी भएको थियो ? 2

**2.** निम्न प्रश्नहरूमध्ये कुनै ***तीन*** प्रश्नका संक्षिप्त उत्तर लेख : 3×5=15

(क) कस्तो परिबन्दको कारणले गर्दा रनेले जेल जानुपर्‍योआ ?

(ख) काबुलीवाला र मिनीको बीचमा त्यस्तो सुमधुर सम्बन्ध कसरी गाँसियो ?

(ग) अयोध्या दरबारमा आपत्कालिन बैठक किन राख्नुपर्‍यो ? यस बैठकमा आपसमा कस्तो कस्तो वाद-विवाद भएको थियो सो संक्षेपमा लेख ।

(घ) अन्तिम पातको महत्वबारे प्रकाश पार । त्यो पात नझर्नको कारण के थियो ?

**3.** (क) प्रसंगसहित व्याख्या गर : 8

"गर्दैछन् कवि त्यै दिशातिर झुकी य्यै माधुरी वर्णन
त्यस्कै गर्दछ भक्तिसाथ दुनियाँ सानन्द आकर्णन ।
कसले बिर्सन सक्छ त्यो समयको त्यो मानवी माधुरी
जस्को छाप छँदैछ भित्र मनमा चैतन्य-रेखा सरी ।"

(ख) 'गरीब' **अथवा** 'मृत्युःकामना केही मेरा' कविता सारांश लेख । 7

**4.** निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर लेख : 2×5=10

परिश्रमी मानिसहरू जीवनमा उन्नत र सफल बन्दछन् । कर्त्तव्य-पथमा कठिनाइ, विघ्नबाधा र असफलतासँग निर्भीक रहेर जुन व्यक्ति लगातार परिश्रम गर्छ, जीवनमा उही नै सफल र सुखी बन्न सक्छ । पानीको लहरमा लड़िबुड़ी खेल्दै टक्कर सहँदै लहरिने ढुङ्गो नै बाटुलिएर नदी-तटको पूज्य शिला बन्न पुग्छ । परिश्रमी मानिस आफ्नो सामर्थ्यमा निर्भर र विश्वास गर्छ अनि त्यही विश्वासको आधारमा कार्य सम्पन्न गरेर उ सफलता साथै स्वावलम्बी बन्दै जान्छ अनि जुन मानिस आत्मविश्वासी र स्वावलम्बी हुन्छ, उसैको चरित्र पनि उत्कृष्ट बन्न जान्छ ।

(क) कस्ता मानिसहरू जीवनमा सफल र सुखी बन्दछन् ?

(ख) परिश्रमी मानिसले के-मा विश्वास राख्दछ ?

(ग) उन्नत र सफल हुनका निम्ति मानिस कस्तो हुनुपर्छ ?

(घ) कस्ता मानिसको चरित्र उत्कृष्ट हुन्छ ?

(ङ) वाक्य बनाऊ : स्वावलम्बी, पूज्य ।

**5.** (क) निम्न शब्दहरूका विपरीतार्थक शब्द लेख : $\frac{1}{2}\times8=4$

इच्छा, अनुकुल, आकाश, खस्रो, नयाँ, भित्र, पाप, राजा ।

(ख) तलका शब्दहरूलाई समासमा रूपान्तरित गर र जुन समास बनिन्छ त्यसको नाम पनि लेख : $1\times4=4$

नौ तला भएको, प्रत्येक सालमा, दुइ बाटाको समुदाय, सानी नानी ।

(ग) निम्न शब्दहरूलाई 'इक' प्रत्यय लगाएर विशेषण शब्द बनाऊ : $\frac{1}{2}\times8=4$

संसार, नगर, योग, क्षण, दिन, धर्म, प्रकृति, वर्ष ।

(घ) तल दिइएका वाग्धाराहरूका अर्थ लेखेर वाक्यमा प्रयोग गर : $2\times4=8$

(अ) आकाश पाताल देखाउनु

(आ) उड़ेको चरा खसाल्नु

(इ) कान ठाड़ो पार्नु

(ई) कुलेलम ठोक्नु

**6.** निम्न विषयहरू मध्ये कुनै ***एक***माथि दुइसय शब्दसम्मको निबन्ध लेख : 10

(क) हरित-क्रान्ति

(ख) समयको सदुपयोग

(ग) विद्यार्थी जीवनमा अनुशासनको महत्व

**7.** मानिलेऊ तिमी एउटा वार्ड पञ्चायत हौ । यस हैसियतमा आफ्नो गाउँमा बाटाको तल-माथि व्यापक रूपमा बोट-बिरूवा रोप्ने कार्यक्रमको मिति जनाउँदै सम्पूर्ण गाउँलेलाई यस कार्यक्रममा भाग लिनका लागि पत्र लेख । 10